कृषि तथा वन विज्ञान विश्वविद्यालय
कृषि संकाय
डीनको कार्यालय
रामपुर, चितवन, नेपाल

Agriculture and Forestry University
Faculty of Agriculture
Office of the Dean
Rampur, Chitwan, Nepal

प.सं./Ref. No.
च.नं.

मिति/Date: ...........................

२०७५/०८/११

# कृषि स्नातक (B.Sc.Ag.) तहको भर्ना फाराम Online भर्ने सम्वन्धी संशोधित सूचना

शैक्षिक सत्र २०७५/०७६ का लागि यस संकाय अन्तर्गत कृषि संकाय, रामपुर; प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पुरुन्चौर-कास्की, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, कपिलाकोट-सिन्धुली, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, टिकापुर-कैलाली, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, पाखीबास-धनकुटा, प्राकृतिक स्रोत व्यवस्थापन कलेज, बर्दीबास-महोत्तरी कलेजहरुमा कृषि स्नातक (B.Sc.Ag.) तहमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ । साथै उक्त तहको भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराईन्छ । आवेदकले Online आवेदन फारम साथ आफ्नो शैक्षिक योग्यताको लब्धाङ्क पत्र, नागरिकताको प्रमाणपत्र, समानस्तर निर्धारणको प्रमाणपत्र (Equivalence Certificate), विभिन्न कोटा अन्तर्गत निवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र साथै बैंक भौचरको प्रतिलिपि र हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scanning गरी संलग्न गर्नु पर्नेछ ।

१) **आवश्यक न्युनतम शैक्षिक योग्यता** : एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भई आई.एस्सी. (विज्ञान) वा १०+२ ( विज्ञान ) वा १०+२ ( कृषि ) वा कृषि विज्ञान विषयमा प्राविधिक प्रमाणपत्र तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, बायोलोजी र कम्तीमा ५० पूर्णाङ्कको गणित एवं फिजिक्स विषय अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तिमा ५०% (पचास प्रतिशत) अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा 'C' Grade का साथै कूल प्राप्ताङ्कमा 'C+' Grade प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुबै भएको विषयको हकमा Theory र Practical मा अलग-अलग 'C' Grade भन्दा कम भएतापनि एकमुष्ठ विषय (Theory+Practical) को कम्तिमा 'C' Grade हुनुपर्नेछ ।

योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

२) **आवेदन फारम र प्रवेश परीक्षाको शुल्क :** एक स्थानको लागि रु. २५००।-, दुई स्थानको लागि रु. ३,०००।- र तीन स्थानको लागि रु. ३५००।- चार स्थान वा सो भन्दा बढी स्थानको लागि रु. ४,०००।- मात्र प्रभु बैंक लिमिटेड, नारायणगढको कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवनको नाममा रहेको Call Deposit नं. ०१७११६००६९२७६३०००००१ मा रकम जम्मा गर्नुपर्नेछ । **बैङ्क भौचरमा जम्माकर्ताको नाममा आवेदकको पुरा नाम र "कृषि" शब्द अनिवार्य लेखिएको हुनु पर्नेछ ।**

३) **आवेदन फाराम भर्ने अवधि :** मिति २०७५ कार्तिक २५ गते देखि २०७५ मंसीर १७ गते राती १२:०० बजेसम्म यस विश्वविद्यालयको वेभसाइट www.afu.edu.np बाट Online आवेदन फाराम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा online@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक तथा पूर्ण रुपले नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन ।

४) संलग्न हुनुपर्ने आवश्यक कागजपत्रहरु र बैंकमा रकम जम्मा गरेको बैंक भौचर समेत अनिवार्य रुपमा Online Application को साथमा बुझाउनु पर्नेछ । Online Application बाहेक अन्य माध्यमबाट पठाएको आवेदन

फाराम तथा अन्य कागजपत्रहरु उपर कुनै कार्यवाही गरिने छैन । साथै कुनै कारणवस कुनै कागजपत्र नपुगेमा बैंकमा जम्मा गरेको रकम फिर्ता हुनेछैन ।

५) **प्रवेश पत्र वितरण मिति र स्थान :** २०७५ मंसीर २९ बिहान ७:०० बजे देखि १०:०० बजेसम्म डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन र डीनको कार्यालयले निर्धारण गरेको परीक्षा केन्द्रहरुमा ।

६) **प्रवेश परीक्षा हुने मिति र स्थान :** २०७५ मंसीर २९ गते शनिबार विहान ११:०० बजे । डीनको कार्यालय, कृषि संकाय, रामपुर, चितवन र डीनको कार्यालयले निर्धारण गरेको परिक्षा केन्द्रहरु ।

७) **भर्नाको आधार :** प्रवेश परीक्षाको प्राप्ताङ्क ८०%, प्रमाणपत्र तहको प्राप्ताङ्कको प्रतिशतलाई १०% र एस.एल.सी.को प्राप्ताङ्कको प्रतिशतलाई १०% अङ्क भार दिइनेछ । सो को आधारमा योग्यता क्रमको सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै भर्नाको लागि नामावली प्रकाशित गरिनेछ । प्रवेश परीक्षाको उत्तीर्णाङ्क ५०% हुनेछ ।

८) प्रमाणपत्र तहको पाठ्यक्रमवाट निम्न बिषयहरुबाट कुल ८० वटा प्रश्नहरु समावेश गरि प्रवेश परीक्षाको प्रश्नपत्र तयार गरिनेछ र सबै प्रश्नहरु बहुछनौटिय बस्तुगत किसिम (Multiple Choice Objective Type) को हुनेछ । साथै परीक्षा अवधि एक (१) घण्टाको हुनेछ ।

क) अग्रेजी-१२ ख) केमेष्ट्री-१२ ग) फिजिक्स-१२
घ) बोटानी-१२ ङ) जुलोजी-१२ च) गणित-१२
छ) सामान्य ज्ञान एवं कृषि-८

९) प्रदेश, दलित, जनजाती, मधेसी, अपाङ्ग, शहिद परिवार, द्वन्द पिडित, छात्रा, स्टाफ, विश्वविद्यालय/कलेज विकास कोष (UDF/CDF) र स्थानीय कोटाका विद्यार्थीहरुको लागि तपशिल बमोजिम संख्या निर्धारण गरिएको छ । सात प्रदेशहरुको प्रादेशिक कोटाको लागि पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यामिक विद्यालयवाट एस.एल.सी. परीक्षा उर्त्तीण गर्ने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिइने हुँदा उक्त कोटामा भर्ना हुन ईच्छुक भएमा आवेदकले आफुले एस.एल.सी. उर्त्तीण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्वन्धित जिल्ला शिक्षा कार्यालय वा सम्वन्धित स्थानीय निकायको (महा/उप/नगरपालिका वा गाउपालिका) कार्यालयको सिफारिश पत्र पेश गर्नुपर्नेछ । प्रादेशिक कोटा अर्न्तगत पढ्नको लागि स्थायी ठेगाना र सामुदायिक विद्यालयमा अध्ययन गरेको एकै प्रदेश अन्तरगतको हुनु पर्नेछ । अन्यथा त्यस्ता निवेदन उपर कुनै कार्यवाही हुने छैन । छात्रा कोटा वाहेक अन्य कोटामा भर्ना हुन इच्छुक विद्यार्थीहरुले कोटाका लागि निम्नानुसार सम्बन्धित निकायको प्रमाण सहित तोकिएको ढाँचामा नियमानुसारको प्रमाणपत्र वा सिफारिश पत्र Online बाट नै आवेदन दिनुपर्नेछ तर अपाङ्ग कोटाको लागि वर्ग र योग्यताक्रमको समेत आधारमा भर्नाको लागि छनौट गरिनेछ ।

**तपशिलः**

क) प्रादेशिक कोटाः सम्वन्धित जिल्लाको जिल्ला शिक्षा कार्यालय/सम्वन्धित स्थानीय निकाय (महा/उप/नगरपालिका वा गाउपालिका)।

ख) दलित कोटाः राष्ट्रिय दलित आयोग /स्थानिय निकाय ।

ग) मधेशी कोटाः सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय ।

घ) जनजाती कोटाः आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानिय निकाय ।

ङ) अपाङ्ग कोटाः बालवालिका महिला तथा समाज कल्याण मन्त्रालय/स्थानीय निकाय ।

च) शहिद परिवार कोटाः आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

छ) द्वन्द पिडित परिवार कोटाः आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

ज) स्टाफ कोटाः सम्वन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता (श्रीमान, श्रीमति, छोरा, छोरी) प्रमाणित हुने नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

झ) स्थानीय कोटाः कृषि संकाय र कलेजहरु अवस्थित स्थानको स्थानीय निकाय (महा/उप/नगरपालिका वा गाउँपालिका) ।

१०) कृषि संकाय, रामपुरको लागि १६८, पुरुन्चौर-कास्की, कपिलाकोट-सिन्धुली, टिकापुर-कैलाली, पाखीबास-धनधुटा र बर्दीबास-महोत्तरीको लागि प्रति कलेज ५४ विद्यार्थी भर्ना लिइनेछ । विश्वविद्यालय संग नेपाल सरकार, नेपाल कृषि अनुसन्धान परिषद् तथा अन्य संघ संस्थावाट MOU भए बमोजिम मनोनयन भई आउने व्यक्तिहरु उल्लेखित कोटामा समावेश गरिने छैन । सम्पूर्ण कोटाहरुको भर्ना प्रवेश परीक्षाको योग्यताक्रम (Merit) को आधारमा हुनेछ ।

**तपशिलः भर्ना कोटा विवरण**

| क.सं. | विवरण | कृषि संकाय, रामपुर | पुरुनचौर, कास्की | कपिलाकोट, सिन्धुली | पाखीबास, धनकुटा | टिकापुर, कैलाली | बर्दीबास, महोत्तरी |
|---|---|---|---|---|---|---|---|
| १ | मेरिट | ६९ | २१ | २१ | २१ | २१ | २१ |
| २ | प्रादेशिक | २१ | ७ | ७ | ७ | ७ | ७ |
| ३ | दलित | ५ | १ | १ | १ | १ | १ |
| ४ | जनजाती | ५ | १ | १ | १ | १ | १ |
| ५ | मधेसी | ५ | १ | १ | १ | १ | १ |
| ६ | अपाङ्ग | २ | १ | १ | १ | १ | १ |
| ७ | सहिद परिवार | १ | १ | १ | १ | १ | १ |
| ८ | द्वन्द्ध पिडित | २ | १ | १ | १ | १ | १ |
| ९ | छात्रा | ८ | ३ | ३ | ३ | ३ | ३ |
| १० | सहुलियत शुल्क, स्टाफ कोटा | ४ | १ | १ | १ | १ | १ |
| ११ | पुर्ण शुल्क स्टाफ | २ | १ | १ | १ | १ | १ |
| १२ | पुर्ण शुल्क UDF/CDF | ४२ | १३ | १३ | १३ | १३ | १३ |
| १३ | पुर्ण शुल्क स्थानिय कोटा | २ | २ | २ | २ | २ | २ |

११) आवेदन फारम भर्दा निम्न लिखित कागजपत्रहरु क्रमवद्ध रुपमा राखी Online Application संगै बुझाउनु पर्नेछ ।

क) आवेदन फाराम, हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ (एक) प्रति र यसको साथमा बैंक भौचर
ख) नेपाली नागरिकताको प्रमाणपत्र
ग) एस.एल.सी. परीक्षाको मार्कसिट
घ) प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट
ङ) समानस्तर निर्धारणको प्रमाण पत्र
च) कोटाहरुमा आवेदन दिन चाहेमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र ।

१२) भर्ना हुँदा सम्पूर्ण प्रमाणपत्रहरुको (नेपाली नागरिकताको प्रमाणपत्र, एस.एल.सी. परीक्षाको मार्कसिट तथा चारित्रिक प्रमाण पत्र, प्रमाणपत्र तहको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाण पत्र, तहको मुल प्रमाणपत्र वा Provisional Certificate, समानस्तर निर्धारणको प्रमाण पत्र र कोटाहरुमा नामवली प्रकाशित भएमा सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र) सक्कलै प्रतिहरु अनिवार्य रुपमा बुझाउनु पर्नेछ । साथै उक्त प्रमाणपत्रहरु ( नेपाली नागरिकताको प्रमाणपत्र बाहेक) यस संकाय र अन्तर्गतका कलेजहरुमा पहिलो सत्र (First Semester) अवधि भर रखिनेछ । उक्त अवधि भित्रमा भर्ना भएका विद्यार्थीहरुले माग गरी सो प्रमाणपत्रहरु लिन पाउने छैनन् । साथै माथि उल्लेखित कागजपत्रहरु मध्ये कुनै नपुगेमा सो विद्यार्थीको भर्ना लिईनेछैन ।

१३) पूर्ण शुल्क स्टाफ कोटा, UDF/CDF र स्थानीय कोटा मा भर्ना हुने विद्यार्थीहरुको लागि भर्ना शुल्क रु. १,८७,०००।- (एक लाख सतासी हजार) कायम गरिएको छ । उक्त शुल्क मध्येको पहिलो किस्ता शुल्क रु. १,००,०००।- पहिलो सत्रमा भर्ना हुँदा नै बुझाउनु पर्नेछ र दोस्रो किस्ता रु. ८७,०००।- तेस्रो सत्रको भर्नाको समयमा बुझाउनु पर्नेछ ।

१४) प्रवेशपत्र लिन आउदा Confirmation Letter, बैंक भौचर र नागरिकता प्रमाणपत्रको सक्कल प्रति लिई आउनु पर्नेछ ।

१५) २०७५ पुस २ गते बाट भर्ना प्रक्रिया शुरु हुनेछ ।

१६) आवेदकले आवेदन फारममा भरेको कलेजको प्राथमिकता र योग्यताक्रम (Merit) को आधारमा भर्नाको लागि नामवली प्रकाशित गरिनेछ । कुनै एक कोटा वा स्थान अन्तर्गत भर्नाको लागि नाम प्रकाशित भए पछि सोही कोटा वा स्थानमा भर्ना हुनु पर्नेछ । निजको नाम अन्य कोटा वा स्थानमा प्रकाशित गरिनेछैन ।

१७) क) भर्नाको लागि २०७५ पुस १ गते मेरिट, प्रादेशिक, छात्रा, दलित, जनजाती, मधेशी, अपाङ्ग, द्वन्द पिडित तथा सहीद परिवार (स्टाफ, UDF/CDF र स्थानीय बाहेक) कोटाको पहिलो नामवली मेरिटको आधारमा प्रकाशन गरिनेछ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७५ पुस २ गते देखि ४ गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नुपर्नेछ । ख) स्थान खाली रहन गएमा २०७५ पुस ५ गते दोस्रो नामवली मेरिटको आधारमा प्रकाशन गरिने छ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७५ पुस ८ गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नु पर्नेछ । ग) स्थान खाली रहन गएमा २०७५ पुस ९ गते तेस्रो तथा अन्तिम नामवली मेरिटको आधारमा प्रकाशन गरिने छ । सो नामवलीमा परेका विद्यार्थीहरुले २०७५ पुस १२ गते सम्म कार्यालय समय भित्र कृषि संकाय, डीनको कार्यालय, रामपुरमा भर्ना भै सक्नु पर्नेछ ।

१८) स्टाफ, UDF/CDF र स्थानीय कोटाहरुको नामवली योग्यताक्रम (Merit) कै आधारमा क्रमशः पछि प्रकाशित गरिनेछ ।

१९) यदि तेस्रो (अन्तिम) पटक प्रकाशित गरेको नामवलीबाट पनि निर्धारित कोटाहरु रिक्त रहन गएमा साथै कुनै पनि विद्यार्थीले पढाइ सुरु भएको मितिले ४५ दिन भित्र भर्ना रद्ध गरी रिक्त रहन आएका सबै कोटाहरुलाई UDF/CDF कोटा सरह रुपान्तरण गरी योग्यताक्रम (Merit) अनुसार भर्ना लिईनेछ ।

२०) भर्ना सम्बन्धि सम्पूर्ण अधिकार कृषि संकाय, डीनको कार्यालयमा निहित हुनेछ ।

२१) छात्रावास क्षमता सिमित भएको कारणले भर्ना भएका विद्यार्थीहरुलाई छात्रावासको व्यवस्था गर्न संकाय वा कलेज प्रशासन वाध्य हुने छैन ।

२२) थप जानकारीहरु यस संकायको सुचना पाटी वा www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।



डीन
कृषि संकाय